# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक ३०३ | बुटवल | २०८१ कार्तिक २५, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Nov.10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## मानव तस्करीको आरोप लागेका एमाले सांसद अधिकारी निलम्बित

बुटवल । नेकपा एमालेले मानव तस्करीको आरोप लागेका प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री लिलाबल्लभ अधिकारीमाथि छानबिन गर्न माग गरेको छ ।

एमालेको कोशी प्रदेश कमिटीले विज्ञप्ति निकालेर अनुसन्धान गरी सत्य तथ्य पत्ता नलाग्दासम्म उनलाई पार्टीको कुनै पनि तहमा रहन नपाउने गरी निलम्बन गरेको जानकारी गराएको छ ।

'नेकपा एमाले अविचलित रुपमा कानुनी शासनको पक्षमा उभिँदै आएको जिम्मेवार पार्टी भएको नाताले उहाँले गर्नुभएको भ्रमणसँग जोडिएर लागेको मानव तस्करीजस्तो गम्भीर आरोपका सम्बन्धमा शीघ्र छानबिन तथा गहिरो अनुसन्धान गरी सत्य तथ्य सावैजनिक गर्न नेपाल सरकार र सम्बन्धित निकायको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदै' एमाले प्रदेश अध्यक्ष घनश्याम खतिवडाले विज्ञप्तिमा भनेका छन् ।

आरोपको अन्तिम निरुपण नहुँदासम्म उनलाई पार्टीको राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य तथा एमालेको संगठित सदस्यबाट समेत निलम्बन गरिएको खतिवडाले बताएका छन् ।

मन्त्रिपरिषद्बाट भ्रमण स्वीकृत नगराई जापान गएका मन्त्री अधिकारीसँगै अन्य व्यक्ति पनि जापान पुगेको पाइएपछि मानव तस्करीको आरोप लागेको छ । उनले पदबाट राजीनामा दिइसकेका छन् । उनीसँगै जापान गएकाहरुलाई पक्राउ गरेर प्रहरीले अनुसन्धान गरिरहेको छ ।

## प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डा बोकेर आन्दोलन

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डा बोकेर आन्दोलन सुरु गर्ने बताएका छन् ।

शनिबार मकवानपुरमा आयोजित कार्यक्रममा प्रचण्डले अब मुलुकमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गरेर मात्रै राजनीतिबाट विश्राम लिने दाबी गरे ।

मकवानपुरको थाहा नगरपालिकामा शनिबार योङ कम्युनिस्ट लिग (वाइसीएल) को नगर अधिवेशनलाई सम्बोधन गर्दै प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाबाट ५ वर्षको स्थायी सरकार नबनेसम्म मुलुकमा बेथिति र भ्रष्टाचारको अन्त्य नहुने बताए ।मेचीदेखि महाकालीसम्म माओवादी र प्रचण्डमाथि नागरिकमा ठूलो भरोसा देखिएको भन्दै उनले मुलुकले नयाँ विकल्प खोजिरहेको आफूलाई महसुस भएको बताए ।

'नयाँ जिम्मेवारी बोधले नयाँ आन्दोलन र नयाँ क्रान्तिको नेतृत्व लिनुपर्छ भन्ने लागेको छ। बेथिति, भ्रष्टाचारविरुद्ध नयाँ आन्दोलन र अभियान चलाउन पर्ने भएको छ,' प्रचण्डले भने-'प्रचण्ड थाकेको छैन, थाक्दैन पनि ।'

कांग्रेस र एमालेसँगको लामो संगतले माओवादी बिग्रिएको भन्दै उनले अब नागरिकसँग माफी मागेर अघि बढ्ने बताए ।

पूर्वप्रधानमन्त्री प्रचण्डले कांग्रेस र एमालेप्रति जनताको आक्रोश र असन्तुष्टि दिनदिनै बढिरहेको जिकिर गरे । विपदका बेलामा पीडितको घरदैलोमा पुग्दा सरकार कहाँ छ थाहा छैन भन्दै आफूलाई भरोसा गरेको उनले दाबी गरे ।

अध्यक्ष प्रचण्डले देशभरका ७५३ वटै पालिकामा सरकारविरुद्ध खबरदारीसभा आयोजना गर्ने घोषणा पनि सो कार्यक्रममा गरेका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल :

# साढे २ वर्षपछि चार एअरलाइन्सको उडानले उत्साह

**भिसा सेन्टर, मेडिकल, श्रम कार्यालय, नेपालीका लागि ई-भिसा र उडानको डाइरेक्ट कनेक्टिभिटी नभएका कारण विगतमा जजीरा र हिमालयन एअरलाइन्सले उडान बन्द गरेकाले आवश्यक सरकारी कार्यालय तत्काल सञ्चालनमा ल्याई उडान नियमित र पर्याप्त संख्यामा हुनुपर्ने माग राखेका छन् ।**







**टिआर शर्मा**

*बुटवल*

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल एअरलाइन्ससहित चार वटा विमान कम्पनीले अन्तर्राष्ट्रिय उडान सुरु गरेपछि रुपन्देहीका पर्यटन व्यवसायीमा आशा र उत्साह पलाएको छ ।

विमानस्थल उद्घाटन भएको साढे २ वर्षपछि नेपाल एअरलाइन्स, थाइ एअर एशिया, जजीरा र फ्लाई दुबईले उडान थालेपछि व्यवसायीमा आशा पलाए पनि विगत दोहोरिने आशंकाले ढुक्क भने छैनन् ।

रुपन्देहीमा भिसा सेन्टर, मेडिकल, श्रम कार्यालय, नेपालीका लागि ई-भिसा र उडानको डाइरेक्ट कनेक्टिभिटी नभएका कारण विगतमा जजीरा र हिमालयन एअरलाइन्सले उडान बन्द गरेकाले विमानस्थलमा आवश्यक सरकारी कार्यालय तत्काल सञ्चालनमा ल्याउन व्यवसायीले माग गरेका छन् ।

२०७९ जेठ २ गते उद्घाटन भएको विमानस्थलबाट जजीरा एअरलाइन्सले सोही दिन उडान गरे पनि विभिन्न कारण देखाउँदै पुस ६ देखि उडान रोकेको थियो । हिमालयन एअरलाइन्सले पनि केही उडान गरेर बन्द गरेको थियो । उडान नभएपछि व्यवसायीहरु आन्दोलित भएका थिए ।

विमानस्थल उद्घाटन भएको साढे २ वर्षपछि नेपाल एअरलाइन्स, थाइ एअर एशिया, जजीरा र फ्लाई दुबईले उडान थालेका छन् । थाई एअर एशियाले कार्तिक १५ गते परीक्षण उडान र कार्तिक २३ गते हिजो व्यवसायिक उडान गरेको छ । यो कम्पनीले अब साताको दुई उडान नियमित गर्ने विमानस्थलका प्रवक्ता विनोदकुमार राउत बताउँछन् ।

शनिबार बिहान साढे ७ बजे कुवेतबाट जजीरा एयरवेजको जहाज अवतरण भई साढे ८ बजे फर्केको छ । जजीरामा कुवेतबाट १७१ यात्रु आएका थिए भने भैरहवाबाट १६७ जना चढेका थिए । जजिराले साताको तीन दिन भैरहवाबाट उडान गर्नेछ ।

शनिबारै दिउँसो १२ बजे फ्लाइ दुबईको जहाज आएको छ । फ्लाई दुबईबाट १५९ जना आएकामध्ये १० जना भैरहवा अवतरण गरेका छन् । फ्लाइ दुबईले हप्तामा सातै दिन उडान गर्नेछ । नेपाल एअरलाइन्सको विमानले पनि राति भैरहवाबाट उडान गरेको छ । नेपाल एअरलाइन्सको नियमित उडान तालिका अझैं निश्चित नभएको विमानस्थलले जनाएको छ ।

३५ अर्ब ६६ करोड लगानी भएको विमानस्थलबाट उद्घाटन भएको साढे २ वर्षसम्म नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्दा व्यवसायीहरु निराश थिए । अन्तर्राष्ट्रिय उडानहरु नियमित र पर्याप्त नहुँदा विमानस्थल लक्षित गरी होटल र पर्यटन क्षेत्रमा निजी क्षेत्रले गरेको करिब ८० अर्ब रुपैयाँ लगानीका व्यवसाय जोखिम र संकटमा परेको व्यवसायीहरुको गुनासो छ । अहिले चार वटा विमान कम्पनीले उडान सुरु गर्नु सकारात्मक भएको बताउँदै यसलाई नियमित र पर्याप्त संख्यामा हुनुपर्ने माग राखेका छन् ।

विमानस्थल निर्माणमा जग्गाको मुआब्जासहित ३५ अर्ब ६६ करोड खर्च भएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा २०७१ माघ १ गते शिलान्यास भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गते उद्घाटन भई व्यावसायिक रूपमा सञ्चालनमा आएको थियो ।

**अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त संख्यामा हुनुपर्छ : व्यवसायी**

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले विगतमा पनि जजीरा र हिमालयन एअरलाइन्सले केही समय उडान गरेका तर यात्रु अभाव र अन्य कारण देखाउँदै उडान बन्द गरेको उदाहरण ताजै रहेकाले अब पनि ढुक्क हुने अवस्था नभएकाले जोखिम अझैं रहेको बताउँछन् ।

'जजीरा र हिमालयनले उडान सुरु गर्दा हामी आशावादी भएकै हो, तर त्यो आशा धेरै दिन नटिकेको तीतो यथार्थ ताजै छ,' अध्यक्ष श्रेष्ठले भने-'सरकारले एअरलाइन्स कम्पनीहरुलाई आकर्षित गरेको छ, यो स्वागतययोग्य नै छ, तर विगत नदोहोरिने गरी उडानलाई निरन्तरता दिन विमानस्थल प्रयोग गरेर विदेश जानेहरुका लागि आवश्यक श्रम स्वीकृति, स्वास्थ्य परीक्षणलगायतका काम हुने सरकारी काज कार्यालयहरु तत्काल सञ्चालनमा ल्याउनुपर्छ, विमान कम्पनीलाई दिने घोषणा गरिएका छुट र सहुलियत समयमै दिनुपर्छ ।'

पर्यटन व्यवसायी चन्द्रप्रकाश श्रेष्ठले काठमाडौंको व्यापारिक स्वार्थ र केन्द्रीकृत मानसिकताका कारण उद्घाटनको साढे दुई वर्षसम्म भैरहवाबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त हुन नसकेकाले अब सरकारले भैरहवालाई न्याय गर्नुपर्ने बताउँछन् ।


» *बाँकी ३ पेजमा*


# साढे ६ सय पशुपालक किसानको सारथी : सालझण्डी दुग्ध सहकारी

**विगत वर्षहरुमा प्रदेश सरकारबाट प्रोत्साहन स्वरुप प्रतिलिटर २ रुपैयाँ अनुदान र स्थानीय सरकारबाट ९० पैसा दिने गरेको भए पनि पछिल्लो समय दोहोरो अनुदान दिइएको भन्दै प्रदेश सरकारले प्रोत्साहन स्वरुपको २ रुपैयाँ दिन कटौती गरेको छ ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

विगतका वर्षहरुमा भन्दा यस वर्ष दुधको बजारीकरणको समस्या बढ्दै गएको दूध उत्पादक किसानहरुले गुनासो गरेका छन् । रुपन्देहीका साढे ६ सय दुग्ध उत्पादक किसान जोडिएको सालझण्डी दुग्ध सहकारीमा पनि अहिले दूधको बजारीकरणमा समस्या बढ्दै गएको छ । तर सहकारीमा आबद्ध विकासहरुलाई जोगाई राख्न सहकारी आफैँले बजारमा बिक्री वितरणबाट बचेको दूधलाई प्रशोधन र उपयोग गरी दुग्धजन्य बस्तुहरु उत्पादन गरी बजारीकरण गरिरहेको छ ।

सैनामैना नगरपालिका वडा नं.१०, सालझण्डीमा रहेको सालझण्डी दुग्ध उत्पादक सहकारी संस्थाले शुद्ध दूध, दही, घ्यू, नौनी, क्रिम, पनिर, कुराउनी, आइसक्रिमलगायतका बस्तुहरु आफैँले उत्पादन गर्ने, प्याकेजिङ्ग गर्ने र बिक्री वितरण गर्दै आएको अध्यक्ष तिलकराम घिमिरेले बताए ।

सहकारीमा आबद्ध दुग्ध उत्पादक किसानहरुले जम्मा गर्ने दैनिक ४ हजार लिटरभन्दा बढी दूधको बजारीकरणको समस्या देखा पर्न थालेपछि सहकारीले दुग्धजन्य बस्तु बनाएर बजारीकरण गर्न सुरु गरेको हो । सालझण्डी दुग्ध उत्पादक सहकारी संस्थाले उत्पादन गर्ने दूध तथा उत्पादनहरु स्थानीय बजार तथा बुटवल, भैरहवादेखि पोखरासम्मका बजारमा पुग्ने गरेको छ । सहकारीले आफ्ना उत्पादनलाई थोक, फुटकर तथा घुम्ति सेवामार्फत् बिक्री वितरण गर्दै आएको अध्यक्ष घिमिरेले बताए ।

६ सय ५५ किसान जोडिएको सहकारीका ६ वटा उपकेन्द्र पानबारी, वनकट्टी, बाँसगढी, जरलैया, चिसापानी र तालीबाट स्थानीय बजारमा सहुलियतमा बिक्री वितरण हुँदा उत्पादनले बजार पाउने गरको छ । विगतका वर्षहरुमा भन्दा यस वर्ष दूधको बजारीकरणमा थप समस्याहरु देखापर्ने गरेको अध्यक्ष घिमिरेको गुनासो छ । दुग्ध उत्पादक किसानहरुलाई सहकारीले उत्पादन बराबरको भुक्तानी दिने गरेको छ ।


» *बाँकी ३ पेजमा*





दैनिक लुम्बिनी

# सम्पादकीय

## अन्तर्राष्ट्रिय उडान नियमित गराऊ

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको झण्डै साढे दुई वर्षसम्म अन्तर्राष्ट्रिय उडानहरू नियमित र पर्याप्त मात्रामा हुन सकेको छैन । यसले गर्दा सरकारको चौतर्फी आलोचना भइरहेको थियो । राज्यको अर्बौं लगानी भएको विमानस्थल राम्ररी नचल्दा औचित्य पुष्टि हुन नसकको भन्दै विभिन्न कोणबाट विश्लेषण भइरहेका थिए । सँगसँगै विमानस्थललाई हेरेर निजी क्षेत्रले ठूला होटेल र पर्यटन व्यवसायमा अरबौं रुपैयाँको लगानी गरेका थिए । ती व्यवसाय समेत विमानस्थल राम्ररी नचल्दा संकटमा परेका थिए । व्यवसायीहरूले पर्याप्त मात्रामा अन्तर्राष्ट्रिय उडानहरू नियमित सञ्चालन गरी विमानस्थल पूर्ण क्षमतामा चलाउन माग गर्दै लामो समयदेखि आन्दोलनमा थिए ।

निजी क्षेत्रको चर्को दबाबकाबिच सरकारले भैरहवा र पोखरा विमानस्थल सञ्चालनका लागि अग्रसरता लियो । फलस्वरूप तीन वटा विदेशी एअरलाइन्स र एउटा नेपाली एअरलाइन्स कम्पनीले अन्तर्राष्ट्रिय उडान गर्ने तयारी गरेका छन् । र भोलिदेखि नै नियमित उडान सुरु हुनेछन् ।

नेपाल वायुसेवा निगमको नेपाल एयरलाइन्सले भैरहवा-दुबई उडान गर्ने भएको छ । नेपाल एयरलाइन्सले भोलि शुक्रबारदेखि काठमाडौं-भैरहवा-दुबई-काठमाडौं उडान गर्नेछ ।

साताको आइतबार, सोमबार, बुधबार र शुक्रबार राति ९:३० बजे काठमाडौंबाट उडान भर्ने नेपाल एयरलाइन्स करिब आधा घण्टापछि भैरहवा विमानस्थलबाट यात्रु लिएर दुबई प्रस्थान गर्ने तालिका छ । यस्तै संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई, कुवेतको जजीरा एयरवेज र थाइल्याण्डको थाइ एयर एशियाले पनि नियमित उडान गर्ने भएका छन् ।

फ्लाई दुबईले नोभेम्बर ९ तारिखबाट दैनिक रूपमा र कुवेतको जजीरा एयरवेजले नोभेम्बर १० तारिखबाट सातामा तीन उडान गर्न लागेको छ ।

जजीरा एयरवेजले सातामा मंगलबार, बिहीबार र शनिबार बिहान ७:३० बजे भैरहवामा अवतरण गर्ने र ८:३० बजे कुवेतका लागि प्रस्थान गर्ने तालिका छ ।

लामो समयदेखि अन्तर्राष्ट्रिय उडान हुन नसकेको सन्दर्भमा चार वटा एअरलाइन्सले धमाधम अन्तराष्ट्रिय उडान सुरु गर्ने भएपछि सरकारी र निजी क्षेत्रमा उत्साह जागेको छ । अब नियमित उडान भएमा भैरहवा र समग्र रूपन्देहीको पर्यटन व्यवसाय गुल्जार हुने आशामा व्यवसायी छन् ।

सरकारले एअरलाइन्सहरूलाई ग्राउण्ड ह्याण्डलिङसहित विभिन्न छुट दिने र विमानस्थल हुँदै विदेश जाने यात्रुहरूका लागि आवश्यक श्रम स्वीकृति, मेडिकललगायतका अत्यावश्यक सरकारी काम हुने सबै कार्यालय विमानस्थलमा तत्काल सञ्चालनमा ल्याउनुपर्छ । अन्यथा विगतमा जस्तै यात्रु अभावको कारण देखाउँदै फेरि विमान कम्पनीहरूले उडान बन्द गर्न सक्छन् । त्यो हुन गएमा यो विमानस्थलप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै नकारात्मक छाप पर्न जानेछ, जुन रूपन्देहीवासीका लागि दुर्भाग्य हुनेछ । त्यसैले सरकारी र निजी क्षेत्र मिलेर विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त गराउन आ-आफ्नो ठाउँबाट सकारात्मक भूमिका खेल्न जरुरी छ ।

# जलवायु परिवर्तनको असर मानव सभ्यता नै जोखिममा



यादव देवकोटा



जलवायु परिवर्तनका कारण मानव समाजमा परेका असर एक होइन, अनेक छन् । शिक्षा, स्वास्थ्य, खाद्यान्न, पानी, सुरक्षादेखि शान्ति र खुसीमा समेत जलवायु परिवर्तनको प्रत्यक्ष नकारात्मक असर छ । जलवायु परिवर्तनका कारण भइरहेको तापक्रम वृद्धिले हिमालदेखि महासागरसम्म परेका असरले उत्पन्न समस्या लेखाजोखा गरिसाध्य छैन । यी असरभन्दा अझ डरलाग्दो असर भनेको यही गति कायम रहने हो भने मानव सभ्यता नै सङ्कटमा पर्न सक्ने चेतावनी विज्ञहरूबाट आइरहेको छ । पृथ्वीको बढ्दो तापक्रमको गति न्यून गर्न सकिएन भने हाम्रै आँखाअगाडि विश्वको जनसंख्या आधा कम हुन सक्ने आँकलन भइरहेको छ ।

अहिले सात अर्ब जनसंख्या रहेको विश्वमा केही दशकपछि आधा जनसंख्या घट्दा मानव सभ्यता मात्र होइन सृष्टिको अवस्था नै कस्तो होला अनुमानै गर्न सकिँदैन । डेढ दशकअघि नै वातावरण वैज्ञानिकले अहिले जुन अनुपातमा जलवायु परिवर्तन भइरहेको छ । यही अवस्था कायम रहे सन् २०५० सम्म पृथ्वीको तापक्रम औसतमा चार डिग्री बढ्ने र त्यतिबेला पृथ्वीको जनसंख्या नै आधा घट्ने चिन्तायुक्त भविष्यवाणी गरिसकेका छन् ।

सन् १९६० को दशकपछि पृथ्वीमा भएको द्रुत औद्योगिक विकास तथा जनसंख्या वृद्धिले ल्याएको नकारात्मक असरका कारण पृथ्वीमा जलवायु परिवर्तन भएको तथ्य वैज्ञानिकले औंल्याउँदै आएका छन् । मूलतः जीवाश्म इन्धनको अत्यधिक प्रयोग र तिनबाट उत्सर्जित हरितगृह ग्यासका साथै वनजङ्गलको विनाश भई त्यस्तो ग्याँस अवशोषणमा आउने कमीले भूमण्डलीय तापक्रम बढेको हो । कोइला, खनिज तेल र ग्यास जस्ता वस्तुको बढ्दो दोहनले वायुमण्डलमा बढी कार्बनडाइअक्साइड पुग्छ । जङ्गल फडानी र भूक्षयीकरणले पनि वायुमण्डलमा बढी कार्बन डाइअक्साइड पठाउँछ र खेतीपातीदेखि चिस्यान प्रविधिका गतिविधिबाट हरितगृह ग्याससमेत सिर्जना भइरहेका हुन्छन् ।

पृथ्वीमा सौर्य विकिरणमार्फत् तापशक्ति प्राप्त हुन्छ र यही सौर्य विकिरणका कारण पृथ्वीको वायुमण्डलको तापक्रम सन्तुलन रहन्छ । पृथ्वीले सूर्यबाट जति सौर्य विकिरण प्राप्त गर्छ त्यति नै विकिरण पुनः अन्तरिक्षमा फिर्ता पठाउँछ, जसले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम स्थिर रहन्छ, तर कुनै कारणवश विकिरणको लेनदेनमा असन्तुलन भएमा पृथ्वीको वायुमण्डलको तापक्रम घटबढ हुन जान्छ र जलवायुमा परिवर्तन आउँछ । पछिल्लो २०० वर्षमा मिथेन, नाइट्रस अक्साइड, कार्बनडाइअक्साइ जस्ता हरित गृह ग्यास र ओजन तह विनाश गर्ने क्लोरोफोलोरो कार्बन जस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन दिन प्रतिदिन वायुमण्डमा बढ्दै गइरहेको छ । परावर्तित विकिरणहरू वायुमण्डलमै रोकिनाले पृथ्वीको तापक्रम वृद्धि हुँदैछ ।

सन् २०२३ आधिकारिक रूपमा सबैभन्दा तातो वर्ष मानिए पनि सन् २०२४ ले त्यो रेकर्ड पार गर्ने सम्भावना ९५ प्रतिशत रहेको विज्ञ बताउँछन् । उच्च गर्मीले विशेष गरी साना बालबालिका, वृद्धवृद्धा र दीर्घकालीन स्वास्थ्य अवस्था भएका व्यक्तिलाई खतरामा पार्न सक्छ । हालसम्म गर्भवती महिलाका विषयमा जलवायु परिवर्तनको बारेमा खासै अध्ययन भएको छैन । गर्भावस्थाको समयमा, हार्मोनल परिवर्तन हुने र अत्यधिक गर्मीले आमा र उनको गर्भमा रहेको बच्चा दुवैलाई गम्भीर प्रभाव पार्न सक्छ । यस्तो अवस्थामा आमामा उच्च रक्तचापको समस्यादेखि गर्भको शिशुको मृत्युसम्मका घटना बढ्न सक्छन् ।

सो कुराको खुलासा केही समयअघि पश्चिम अफ्रिकी मुलुक जाम्बियाका ग्रामीण भेगका गर्भवती महिलामा जलवायु परिवर्तनले उनीहरूको शरीर विज्ञानलाई कसरी असर गर्छ भन्ने कुराको अध्ययनबाट खुलेको हो । जाम्बियामा तापक्रम वृद्धिको प्रभाव अत्यधिक बढ्दो छ । त्यहाँ तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्न सक्छ । विगत ६० वर्षमा औसतमा एक डिग्री सेल्सियसले बढेको छ । यस्तोमा ग्रामीण भेगका अधिकांश महिला कृषिमा संलग्न हुने र तेज घाममा श्रम गर्नुपर्ने हुँदा उनीहरूको शारीरिक-मानसिक स्वास्थ्य अवस्थाको अनुसन्धान गरिएको हो ।

बिबिसीले सार्वजनिक गरेको जाम्बिया मेडिकल रिसर्च युनिटमा आधारित लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन (एलएसएचटीएम) का प्राज्ञिक चिकित्सक आना बोनेलको नेतृत्वमा गरिएको अनुसन्धानका क्रममा खेती किसानी गर्ने ती महिला गर्मीका कारण अत्यन्त तनावमा रहने र निकै कमजोर रहने गरेका छन् ।

उपरोक्त टिपोट अध्ययनको सानो अंश मात्र हो र यसले मानव सभ्यता जोखिमपूर्ण बन्दै गएको स्पष्ट देखाएको छ । पछिल्लो समय अत्यधिक उपयोगमा रहेको सूचना प्रविधिसँग सम्बन्धित यन्त्र पनि जलवायु परिवर्तनको अर्को स्रोत बन्न पुगेको छ । मानिसको सुविधाका लागि विकसित गरिएका प्रविधिले तत्काललाई सजिलो बनाए पनि दीर्घकालीन रूपमा यसको नकारात्मक प्रभाव एक-दुई होइन अपार देखिने छन् । यसको सदुपयोग हुन नसक्दा निम्तिने आर्थिक, सामाजिक समस्या त छँदै छ, वातावरणीय समस्या पनि जोडिएर आउन थालेको छ । उद्योग कलकारखाना जस्तै प्रविधिको प्रयोग हुँदा वातावरणमा मिसिने विकिरणले झन् जोखिम बढाएको छ ।

यति मात्र होइन, जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम अस्वाभाविक बढ्न जाँदा मानव स्वाभावमा समेत परिवर्तन आउन थालेको छ । हत्या, हिंसा, बलात्कार जस्ता जघन्य अपराध वृद्धिमा जलवायु परिवर्तनको ठूलो योगदान रहेको वैज्ञानिकले पुष्टि गर्दै गएका छन् । जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रियाभित्र पर्ने गतिविधि हो । यसको गति कति स्वाभाविक र कति अस्वाभाविक छ भन्ने मूल विषय हो । स्वाभाविक परिवर्तनले जीवन र जगतमा खासै ठूलो प्रभाव पार्दैन किनभने त्यसमा जीवनदेखि वनस्पतिसम्मले सोही अनुरूप समायोजन हुन सक्छ तर अस्वाभाविक परिवर्तनका कारण हुने छिटोछिटो तापक्रम वृद्धिमा त्यो सम्भव छैन । यसले कतिपयको अस्तित्व लोप हुने अवस्थामा पुग्छ, अहिले त्यस्तै भइरहेको छ ।

विश्व तापमान वृद्धिका कारण प्रभावित हुने सबैभन्दा बढी संवेदनशील क्षेत्र भनेको हिमनदी हो । हिमनदीको आकार हिमपात र त्यसको पग्लिने क्रमको अनुपातमा निर्भर गर्छ । यसको प्रत्यक्ष असर नेपालका हिमाली क्षेत्रमा देखा परिसकेको छ । गत साउन ३२ गते सोलुखुम्बुको थामेको शिरानमा रहेका पाँचमध्ये दुई हिमताल फुट्नुको मुख्य कारण पनि जलवायु परिवर्तन नै हो । पूर्वदेखि सुदूरपश्चिमसम्म रहेका अन्य हिमतालको अवस्था पनि जोखिमपूर्ण नै छ । यी ताल कुनै पनि बेला विस्फोट हुन सक्ने भविष्यवाणी भइसकेको छ ।

जलवायु परिवर्तनको असर नेपालमा प्रत्यक्ष देखा परिसकेको छ । खाद्यान्न बालीको उत्पादन चक्र बदलिएको छ । तराई र हिमाली क्षेत्रमा तापक्रम वृद्धिको अनुपात पनि मिल्दो छैन । हिमाली क्षेत्रमा छिटो तापक्रम बढिरहेको विभिन्न तथ्याङ्कले देखाइरहेका छन् । यसले गर्दा नेपालको कृषि प्रणालीमा ठूलो असर परिरहेको छ । नेपालमा प्रतिवर्ष औसत ०.०४ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यो विश्वव्यापी औसत वृद्धिभन्दा धेरै बढी हो । त्यसमा पनि उच्च पहाडी क्षेत्रमा तापक्रम वृद्धिको दर अझ बढिरहेको छ । जलवायु परिवर्तनले गरिबीलाई अझ जोखिममा पार्छ । सीमान्तकृत एवं जोखिममा परेका समूहलाई अझ कठिनाइमा पर्ने छन् ।

प्राकृतिक समस्या मात्र होइन मानिस तथा पशुपन्छीले समेत समस्या भोग्नु परिरहेको छ । कतिपय जीव तथा पशुपन्छी लोप हुँदै गइरहेका छन् । मौसमअनुसार फल्ने फूल्ने वनस्पति तथा चरा र जनावरको प्रजनन् कार्य अनियमति हुन थालेको छ । यसले गर्दा पन्छी तथा अन्य जनावरको खाद्य चक्रमा असन्तुलन हुन गई सिङ्गो पारिस्थितिक प्रणाली (इको सिस्टम) मा नै खलल हुने सम्भावना बढेको छ । त्यसैगरी अनेक किसिमका रोगव्याधिको सम्भावना पनि बढ्न पुगेको छ । हिमाली क्षेत्रमा लामखुट्टे देखापर्नु यसैको कारण हो ।

उच्च तथा चिसो स्थानको तापक्रम बढ्नाले झिँगा र लामखुट्टे जस्ता रोगबाहक कीरा ती भागमा पुग्ने र रोग तथा महामारी फैलिने चुनौती बढ्दै गएको छ । तराईमा अत्यधिक गर्मी बढ्ने र हिमाली क्षेत्रमा समेत तापक्रम बढेर हिउँ पग्लने क्रममा तीव्रता आइरहेको छ । यसबाट प्रकोपजन्य जोखिम उत्पन्न त भएको छ नै नागरिक सुरक्षा र संरक्षणका थप समस्या जस्तै नयाँ र असाध्य रोगको फैलावट, कृषिजन्य उत्पादन चक्रमा परिवर्तन र उत्पादनमा ह्रास आदिका कारण भोकमरी हुन गई व्यापक बसाइँसराइ देखापर्ने निश्चित छ र यसको सुरुवात भइसकेको छ ।

जलवायु परिवर्तनका कारक मानिएको धनी तथा औद्योगिक मुलुकहरूले पनि यसबाट उत्पन्न हुने सङ्कटसँग जुध्न सक्ने अवस्था छैन । धनी मुलुकको छिमेकमा रहेको गरिबीको सागर बाँच्नकै लागि बसाइँ सर्नुपर्ने अवस्थाको सिर्जनाले ती मुलुक स्वयम् आर्थिक सामाजिक सङ्कटमा पर्दै जाने निश्चित जस्तै छ । यसका अतिरिक्त शिक्षा, स्वास्थ्य, खानेपानी तथा खाद्यान्नको अभावले अर्को समस्या सिर्जना गर्नेछ ।

यी समस्या एकातिर छन्, प्राकृतिक अवस्थालाई पुनः कायम गर्न वा लयमा फर्काउने प्रयास भविष्यमा गरिए पनि अहिले कायम रहेको वातावरणीय विकृतिको प्रभाव सदियौँसम्म कायम रहने छ । जापानको हिरोसिमा र नागासाकीमा आणविक बम विस्फोट गराइएको पौने शताब्दी भइसक्यो, तर अझैँ त्यसको असर बाँकी छ । यसबाटै हामीले बुझ्नु पर्छ कि वायुमण्डलमा थुप्रिएको फोहोरको असर तत्काल सफा हुने कुनै सम्भावना छैन । यसलाई न्यून गर्न तीव्र गतिमा काम नगर्ने हो भने भोलिका दिनमा मानव सृष्टि नै अवरुद्ध नहोला भन्न सकिन्न ।

मानिसको जीवन सुखदायी बनाउने नाममा भौतिक सुविधातिर मात्र बढी ध्यान दिँदा प्राकृतिक सन्तुलनको ख्याल गरिएन, जसको परिणाम अहिले विश्व नै जलवायु परिवर्तनको मारमा पर्दै गएको छ, पृथ्वीको तापक्रम यही अनुपातमा बढ्दै जाने हो भने सन् २०५० सम्म विश्वको जनसंख्या तीन खर्बमा सीमित हुने डरलाग्दो चेतावनीलाई विश्व समुदायले गम्भीर रूपमा लिनै पर्छ । आसन्न 'कोप-२९' मा नेपाल जस्ता मुलुकले जलवायु परिवर्तन र बढ्दो तापक्रमका कारण भोग्नु परेका समस्याका साथै सिङ्गो पृथ्वी जोगाउने र सृष्टि संरचनालाई सहज चलायमान बनाइराख्ने अभियानको नेतृत्व लिनु पर्छ । नेपाल विश्वका ती सीमित देशमा पर्छ- जो बढ्दो तापक्रमबाट अत्यधिक मारमा परेका छन् । गोपबाट

# जाडोमा देखिन्छन् यी स्वास्थ्य समस्या, कसरी बच्ने ?

प्रा.डा. विद्यासागर प्रसाद



जाडो मौसम सुरु भएसँगै बिहानबेलुकी चिसो बढेको छ । चिसो बढ्ने क्रम दिनप्रतिदिन बढ्दै छ । यस्तो वातावरणमा शरीरको ताप घट्छ ।

कहिलेकाहीँ शरीरलाई बढेको चिसोलाई शरीर अनुकुल बनाउन समय लाग्न सक्छ, जसले गर्दा विभिन्न स्वास्थ्य समस्या बढ्न सक्छ । जाडो मौसममा मानिसहरू आराम गर्न र आफ्नो शरीरलाई न्यानो राख्न घरभित्रै बस्न रुचाउँछन् । जसले गर्दा शारीरिक गतिविधि कम हुने र आवश्यक पर्ने व्यायाम गरिँदैन । शरीर निष्क्रिय भएका कारण पनि विभिन्न स्वास्थ्य समस्या निम्तिन सक्छन् ।

रोगको हकमा जाडो मौसम कठोर मौसमको रुपमा लिइन्छ । दीर्घ रोग भएका, वृद्धवृद्धा र बालबालिकालाई पनि चिसो मौसमले सताउँछ । उनीहरुको यो मौसममा विशेष हेरचाह भएन भने जाडोकै कारण ज्यान समेत जाने जोखिम नआउला भन्न सकिन्न । कतिपयको थाहै नपाई मृत्युसमेत हुन सक्छ । सबैभन्दा बढी बाथ रोग, मुटुजन्य रोग, श्वास-प्रश्वास र छालामा आउने समस्याले यो समय बढी सताउँछ ।

**मौसमी रुघाखोकी**

जाडोयाममा देखिने मुख्य समस्या मध्ये एक हो, रुघाखोकी । जाडोयाम सुरु हुनासाथ मौसममा आउने परिवर्तनका कारण रुघाखोकीको समस्या देखिन थाल्छ ।

सिजनल भाइरसका कारण जाडो मौसममा रुघाखोकीका बिरामी अत्याधिक बढ्ने गरेको पाइन्छ । किनभने जाडोमा इन्फ्लुएन्जाका कीटाणु र भाइरसहरू बढी सक्रिय हुन्छन् । जसका कारण प्रतिरोधात्मक कम भएका, बालबालिका, वृद्ध र चिसोमा काम गर्नेलाई रुघाखोकी लाग्ने सम्भावना रहन्छ ।

**दम**

जाडो मौसममा धेरैमा दम बढेको महसुस भएको हुन सक्छ । यस्तोमा चिसो र सुख्खा हावाले मुख हुँदै फोक्सोमा जाने वायुमार्गलाई कस्न थाल्छ र श्वासप्रश्वासलाई अझैँ खराब बनाउँछ ।

**निमोनिया**

यो मौसममा खास गरी बच्चा र वृद्धवृद्धा निमोनियाको उच्च जोखिममा हुन्छन् । निमोनिया हुँदा धेरै ज्वरो आउने, थकान महसुस हुने, सास फेर्न गाह्रो हुनेजस्ता समस्या देखिन्छ । फोक्सोमा संक्रमण भएपछि छाती दुख्ने र श्वासप्रश्वासमा समस्या देखिने हुन्छ ।

**छाला सुख्खा हुने**

चिसो समयमा सामना गर्ने सबैभन्दा आम समस्यामध्ये एक छाला चिलाउने र सुख्खा हुने पनि हो । चिसोमा कम आद्रताको कारणत्त छाला चिलाउन र सुख्खा हुन थाल्छ ।

**जोर्नी दुखाई**

चिसो मौसममा जोर्नीको दुखाईबाट धेरै मानिसहरू पीडित हुन्छन् । यसबाट राहत पाउनको लागि सबैभन्दा पहिले आफ्नो शरीर र खुट्टालाई न्यानो राख्नुपर्छ ।

**साइनसाइटिस**

जाडोमा पिनास अर्थात् साइनसाइटिसको समस्याले सताउँछ । पिनास भइराख्नेहरुमा चिसोले टाउको दुख्ने, रुघाखोकी लागिरहने हुन सक्छ । यो समस्या त्यतिखेर हुन्छ जब घरको झ्याल ढोका बन्द भई गुम्म पारेर राखिन्छ । यस्तोमा कुनै उचित भेन्टिलेसन हुँदैन ।

**टन्सिलाइटिस**

टन्सिल पनि जाडोमा निम्तिने समस्या हो । चिसोका कारण टन्सिलको समस्या बढ्न सक्छ ।

**हृदयघात**

जाडोमा हृदयघातको जोखिम पनि बढ्छ । विशेषत मुटु तथा उच्च रक्तचाप भएकाहरुमा तापक्रममा आएको गिरावटले रक्तनली साँघुरिने र मुटुमा रगत पम्प गर्न गाह्रो हुने हुन्छ ।

यही जोखिमका कारण विज्ञहरूले मोटपन भएका र वृद्धवृद्धालाई जाडो मौसममा मर्निङ वाक गर्न सुझाव दिँदैनन् ।

**कसरी बच्ने ?**

–चिसोबाट बच्न अनावश्यक काम बाहेक अन्य बेला घरबाट बाहिर ननिस्कन र निस्कनुपरेमा न्यानो लुगा लगाएर हिँड्नुपर्छ ।

–मौसम परिवर्तन हुने बित्तिकै शरीरले तापक्रम समायोजन गर्न नसक्ने भएकाले जाडोमा अत्याधिक चिसो वा तातो स्थानमा बस्नु हुँदैन ।

–एसीमा बसेर बाहिर निस्किदा शरीरले बाहिरको चिसो मौसमसँग समायोजन गर्न नसक्ने भएकोले धेरै तापक्रममा बस्नु हुँदैन ।

–फुस्रो छालाबाट बच्न हरेक रात सुत्नुअघि मोस्चराइजर वा नरिवलको तेल लगाउनुपर्छ ।

–जाडोमा चिसो हुने र पानी धेरै खाएमा पिसाब बढी आउने हुँदा कतिपयले पानी कम पिउने गर्छन् । जुन गलत हो । जुनसुकै मौसम होस् पानी प्रशस्त पिउनुपर्छ ।

–जाडोमा छातीसम्बन्धी समस्या देखिन सक्छ । त्यसैले विशेषगरी, मोटरसाइकल, स्कुटर चलाउनेहरूलाई सिधा छातीमा असर गर्ने हुँदा छाती बचाउन चेस्ट गार्ड र हावा नछिर्ने, ज्याकेटको प्रयोग गर्नुपर्छ ।

–बालबालिका र ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई बिहान-बेलुका विशेष ध्यान दिनुपर्छ ।

–कमजोर रोग प्रतिरोधात्मक क्षमताका कारण जाडोसँग सम्बन्धित विभिन्न रोगले आक्रमण गर्छ ।

–सन्तुलित र स्वस्थ खानेकुरा खाएर प्रतिरोधात्मक क्षमता वृद्धि गर्न सकिन्छ । सन्तुलित खानाले मानिसलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ ।

–जाडो याममा बढी एलर्जी हुन्छ । त्यसैले, धूलो,धूवाँमा हिँड्दा मात्रै होइन अरू बेला पनि मास्क लगाउनुपर्छ ।

–बिहानीको घाममा बस्नु एकदमै राम्रो हुन्छ । बिहानको घाममा भिटामिन डी पाउनुको साथै चिसो लाग्न दिँदैन। हाडजोर्नीको स्वास्थ्यलाई राम्रो बनाउँछ ।

–जाडोयाममा इन्फ्लुएन्जा र खोप लगाएर इन्फ्लुएन्जा र निमोनियाको जोखिमबाट बच्न सकिन्छ ।

# रोटरी चौतारीको रक्तदानमा ६६ युनिट रगत संकलन




बुटवल । रोटरी क्लब अफ बुटवल चौतारीको आयोजनामा भएको संयुक्त बृहत् रक्तदान कार्यक्रममा ६६ युनिट रगत संकलन भएको छ ।

शनिबार भएको रक्तदान कार्यक्रममा रोटरी क्लब अफ बुटवल चौतारीका स्पोन्सर क्लबहरु रोट्र्याक्ट क्लब अफ बुटवल चौतारी, रोट्र्याक्ट क्लब अफ भैरहवा चौतारी, इन्ट्र्याक्ट क्लब अफ भैरहवा चौतारी र इन्ट्र्याक्ट क्लब अफ नविन चौतारीले पनि सहकार्य गरेका थिए ।

एकयसय जनाभन्दा बढी उपस्थित रक्तदान कार्यक्रममा ६६ जनाले रक्तदान गरेको क्लबका अध्यक्ष नुमेन्द्र पौडेलले जानकारी दिए । उनले आगामी वर्षको बैशाखभित्र फेरि रक्तदान कार्यक्रमको आयोजना गरिने जानकारी दिए ।

कार्यक्रमको शुभारम्भ गर्दै क्लबका एजी कुलमणि ज्ञवालीले स्वार्थभन्दा माथि सेवा भन्ने भावनाका साथ क्लबले आफूलाई अगाडि बढाउँदै लगेको भन्दै सामाजिक र रचनात्मक काममा निरन्तर क्रियाशिल रहन आग्रह गरे ।

त्यस अवसरमा कार्यक्रम संयोजक रामप्रसाद पाण्डे, रोट्र्याक्ट क्लब अफ बुटवल चौतारीका अध्यक्ष गोविन्द पाण्डे, भैरहवा चौतारीका अध्यक्ष आकाश पौडेललगायतले पनि रक्तदानको महत्वमाथि प्रकाश पारेका थिए ।

# संघसंस्थाबिच फुटसल प्रतियोगिता

बुटवल । रुपन्देही व्यापार संघले २५ वर्ष प्रवेशका अवसरमा आयोजना गरेको संघसंस्थाबिचको फुटसल प्रतियोगिताको उपाधि नेपाल खेलकुद पत्रकार मञ्च, रुपन्देहीले जितेको छ । विजेता मञ्चले नगद २५ हजारसहित शिल्ड प्राप्त गर्ने छ भने उपविजेताले नगद १५ हजारसहित शिल्ड प्राप्त गर्ने छ ।

संघले आफ्नो रजत महोत्वसका अवसरमा सञ्चालन गरेको साताव्यापी कार्यक्रमअन्तरगत आयोजित प्रतियोगितामा बुटवल अटो इञ्जिनियरिङ एसोसिएसनलाई फाइनलमा ४-१ गोल अन्तरले पराजित गर्दै नेपाल खेलकुद पत्रकार मञ्च रुपन्देही विजेता हुन सफल भएको हो । फाइनलमा खेलकुद पत्रकार मञ्चले पहिलो हाफमा २ गोल गरेको थियो भने थप २ गोल दोस्रो हाफमा गरेको हो ।

विजेता बनेको खेलकुद पत्रकार मञ्चले फाइनल पुग्नु अगाडि भएका खेलमा रुपन्देही उद्योग संघलाई ६-१ तथा पश्चिम नेपाल वस व्यवसायी प्रालिलाई २-१ गोल अन्तरले पराजित गरेको थियो ।

प्रतियोगितामा विभिन्न १० वटा संघसंस्थाको सहभागिता रहेको थियो । प्रतियोगिताको उद्घाटन संघका पूर्व अध्यक्ष मोतीलाल पाण्डेले गरेका थिए । उद्घटनसत्रको अध्यक्षता संघका अध्यक्ष दिपकप्रसाद अधिकारी, सञ्चालन महासचिव फर्सुराम पन्थ तथा स्वागत कार्यक्रम संयोजक प्रेमनाथ पाण्डेले गरेका थिए ।

संघले रजत महोत्सव कार्तिक २२ गतेबाट सुरु गरेको साताव्यापी कार्यक्रमअन्तरगत २५ गते आइतबार संघमा गठित वस्तुगत उपसमितिबिच मैत्रीपूर्ण व्याडमिन्टन प्रतियोगिता, २६ गते रक्तदान कार्यक्रम, २७ गते लुम्बिनी प्रादेशिक अस्पतालका बिरामीलाई फलफूल वितरण गर्ने कार्यक्रम रहेको छ ।

कार्तिक २७ गते प्रभातफेरी कार्यक्रम गरिने छ भने सोही दिन रुपन्देहीमा स्थानीय प्रदेश तथा संघीय सरकारका योजना, लक्ष्य तथा यसले पार्ने प्रभाव विषयक गोष्ठी आयोजना गरिंदैछ भने रजत महोत्सवअन्तरगतको मूल कार्यक्रम कार्तिक २८ गते मंगलबार आयोजना गरिने अध्यक्ष दिपकप्रसाद अधिकारीले जानकारी दिए ।

### रूपन्देही सुपरलिग सुरुः

# स्टार क्रिकेट क्लबको विजयी सुरुवात




भैरहवा । भैरहवामा २५औं संस्करणको रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता सुरु भएको छ । रुपन्देही क्रिकेट संघको आयोजनामा शनिबारबाट सुरु प्रतियोगिताको डिभिजन 'बी' अन्तर्गतको उद्घाटन खेलमा स्टार क्रिकेट क्लबले विजयी सुरुवात गरेको छ । स्टारले नेपथ्य ज्ञानोदय क्रिकेट क्लबलाई ९ विकेटले पराजित गर्दै जित निकालेको हो ।

यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपथ्यले निर्धारित ५० ओभरको खेलमा २० ओभर १ बल खेल्दै सबै विकेट गुमाई ५७ रनको झिनो योगफल बनायो । उसका लागि भुवन गैरेले १६ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । उसलाई झिनो स्कोरमा रोक्न बलिङमा स्टार क्रिकेटका शुभम खनाल र नरबहादुर सार्कीले ४-४ विकेट लिए । यस्तै, निरज मौर्य र बिजवल बश्यालले १-१ विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको स्टार क्रिकेटले ९ ओभर २ बलमा १ विकेट गुमाउँदै ५९ रन बनायो र जित निकाल्यो । उसको लागि आयन खानले २३ तथा राहुल नाउले नटआउट १३ र कृष्ण विकले अविजित ११ रन बनाए । बलिङमा नेपथ्यका सन्तोष क्षेत्रीले १ विकेट लिए । खेलमा नरबहादुर सार्की म्यान अफ द म्याच घोषित भई १ हजार २ सय रुपैयाँ प्राप्त गरे ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा कार्तिक २४ देखि मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु सुरु भएका छन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका सचिव गुरुङले बताए ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले रुपन्देही क्रिकेटको उर्भर भूमि भएको बताए । उनले यस्ता खेलहरुकै कारण खेलाडीमा निखारपना आउने जनाउँदै निरन्तर वर्षभरी क्यालेण्डर बनाएर आयोजना गर्नुपर्नेमा जोड दिए ।

संघका अध्यक्ष हरिबहादुर थापाले क्रिकेटको विकासका लागि लागि परेको बताए । उनले संघले वार्षिक योजना बनाएरै प्रतियोगिता आयोजना गर्ने गरेको जानकारी दिए । उद्घाटनसत्रमा संघका पदाधिकारी तथा सदस्यहरु, अम्पायरहरु, खेलप्रेमी, स्थानीय, बासिन्दा, उद्योगी व्यवसायीलगायतको उपस्थिति थियो ।

# भैलो खेलेर सङ्कलन गरिएको रकम क्यान्सरपीडितलाई सहयोग



घोराही । देउसी भैलो खेलेर सङ्कलन गरिएको रकम क्यान्सरपीडित बिरामीलाई उपचार गर्न सहयोग गरिएको छ । घोराही उपमहानगरपालिका-१० को प्रकृति लोक सांस्कृतिक क्लबले तिहारका अवसरमा भैलो खेलेर सङ्कलन गरेको रु एक लाख क्यान्सरपीडित गौमती थापाको उपचारका लागि सहयोग गरेको हो । घोराही-१० नारायणपुरकी थापा स्तन क्यान्सर रोगका कारण बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, चितवनमा उपचाररत छिन् ।

बिरामीको उपचारमा सहयोग पुगोस् भनेर भैलोबाट सङ्कलन गरिएको रकम सहयोग गरिएको सो क्लबका अध्यक्ष आशिष पुनले बताए । भैलोबाट सङ्कलित रकम प्रत्येक वर्ष सामाजिक कार्यमा लगाउने गरेको उनको भनाइ छ । गत वर्ष भैलोबाट सङ्कलन गरिएको रु एक लाख बराबराका सामग्री क्लबले घोराही-१० मा रहेको सेवाघर, वडा नम्बर १६ मा रहेको वृद्धाश्रम र तुलसीपुरमा रहेको मानव सेवाघरलाई सहयोग गरेको थियो ।

क्लबले बिरामी थापाको उपचारका लागि सहयोग गरिदिन सबैसँग आग्रह गरेको छ । उनको उपचारमा रु ४३ लाख लाग्ने बताइएको छ । कमजोर आर्थिक अवस्थाका कारण थापाको उपचारमा समस्या भइरहेको क्लबका अध्यक्ष पुनले बताए ।

# दाङमा सेनाद्वारा स्वास्थ्य शिविर सञ्चालन

दाङ । दाङको शान्तिनगर गाउँपालिका-५ का ६० वर्षीय शोभाराम खत्री ढाड दुख्ने समस्याबाट पीडित थिए । अत्यधिक ढाड दुखाइ भएपछि उनी शुक्रबार आफ्नै गाउँमा नेपाली सेना रणसिँह दल गणले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा उपचारका लागि पुगेका थिए ।

उनी भन्छन्-"आफ्नै गाउँमा निःशुल्क तथा सहज तरिकाले स्वास्थ्य परीक्षण गराए । औषधि पनि दिनुभएको छ । खुसी लागेको छ । अब सञ्चो हुने आशा पलाएको छ । घर नजिकै अस्पताल छैन । विशेषज्ञ सहितका डाक्टर गाउँमा आउँदै हुनुहुन्छ भन्ने खबर पाएपछि यहाँ आएको हुँ । राम्रोसँग सेवा लिन पाए ।"

त्यस्तै, दङ्गीशरण गाउँपालिका-७ की ६५ वर्षीया माइली थरुनी पनि उक्त शिविरमा उपचारका लागि आइन । मिर्गौलाको समस्याबाट समेत पीडित उनी स्वास्थ्य शिविरमा सहभागी भइन । गाउँमै निःशुल्क स्वास्थ शिविरबाट चिकित्सकले चेकजाँच, उचित सल्लाहसुझाव र औषधि पाउँदा खुसीको अनुभूति भएको उनले सुनाइन ।

त्यस्तै, स्थानीय शोभा नेपालीले शिविरमा निःशुल्क स्वास्थ्य सेवा पाउँदा धेरै राहतको अनुभूति भएको बताइन । विपन्न परिवारका नागरिलाई लक्षित गरी नेपाली सेना र शान्तिनगर गाउँपालिकाले घरआँगनमा नै स्वास्थ्य शिविर सञ्चालन गरेको हो । नेपाली तल्लो पेट तथा ढाड दुख्ने समस्याबाट पीडित छिन ।

आर्थिक अभावका कारण आफू बजारका ठूला अस्पतालमा उपचार गर्न जान नसकेको नेपालीले दुखेसो पोखिन । नेपाली सेना श्री नं १९ बाहिनी अड्डा तुलसीपुरको समन्वय तथा रणसिंहदल गण घोराही दाङ र शान्तिनगर गाउँपालिकाको संयुक्त आयोजना एवं राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही, राप्ती आँखा अस्पताललगायत विभिन्न सङ्घसंस्थाको सहयोगमा शान्तिनगर गाउँपालिका-५ बैसामा आयोजना गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट सयौँ सर्वसाधारणले आफ्नो स्वास्थ्य परीक्षण का गराएका छन् ।

१९ नं बाहिनी अड्डाका बाहिनीपति सहायक रथी पदमबहादुर बुढाले आर्थिक अभावका कारण उपचारमा पहुँच नपुगेका दुरदराजका नागरिकहरुलाई उपचारमा सहयोग पुग्ने उद्देश्यले शिविरको आयोजना गरिएको बताए । उनले नेपाली सेनाले जनताको आवश्यकतालाई दृष्टिगत गरी गाउँपालिकाको सहकार्यमा विशेषज्ञसहितको सेवा प्रदान गरिएको बताए ।

शान्तिनगर गाउँपालिकाका अध्यक्ष प्रमोद बस्नेतले स्थानीय जनताको स्वास्थ्यलाई दृष्टिगत गरी नेपाली सेनाको सहकार्यमा शिविर आयोजना गरिएको जनाए । स्थानीयस्तरमा विभिन्न रोगको उपचार जनताले सजिलै नपाउँदा खेप्नु परेको समस्यालाई दृष्टिगत गर्दै विशेषज्ञ सेवासहितको निःशुल्क शिविर आयोजना गरिएको उनको भनाइ थियो ।

शिविरमा दुई जटिल अवस्थाका बिरामीको आइतबार राप्ती स्वास्थ विज्ञान प्रतिष्ठानमा निःशुल्क शल्यक्रिया गरिने उनले बताए । शिविरमा सात सय ४२ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । "गम्भीर बिरामीलाई काठमाडौं मेडिकल कलेजमा निःशुल्क उपचारका लागि पठाइने छ ।"-अध्यक्ष बस्नेतले भने । शिविरमा स्त्रीरोग, चर्म रोग, आँखा, दाँत, हाड जोर्नीलगायत विशेषज्ञसहितको सेवा प्रदान गरिएको थियो ।

# कार्यालयमा बाँसबाट बनेका कुर्सी



तुलसीपुर । दाङको राप्ती गाउँपालिकाको कार्यालयमा बाँसबाट बनेका कुर्सी प्रयोगमा ल्याइएको छ । पहिलो चरणमा पालिका अध्यक्ष प्रकाश विष्टको कार्यकक्षमा ती कुर्सी प्रयोगमा ल्याइएको हो । राप्ती-५ स्थित करङ्गेकोटकी अनिष्मा ओलीले बनाएका ती सामग्री प्रयोगमा ल्याएको अध्यक्ष विष्टले बताए ।

"स्थानीय उत्पादनलाई प्रत्साहन गर्ने हाम्रो उद्देश्य हो, विगतदेखि नै त्यसरी नै काम गर्दै आएका छौँ", उनले भने-"अहिले हामीले बाँसबाट बनेका कुर्सीलाई कार्यालयमा प्रयोगमा ल्याएका छौँ ।"

राप्ती गाउँपालिकाले उद्यमशीलता र आर्थिक विकासका लागि विपन्न युवा तथा महिलालाई बाँसबाट फर्निचर बनाउने सीप विकास तालिम प्रदान गरेपछि ओलीले यसरी बाँसका फर्निचर बनाउन सुरु गरेका हुन् । उनीसहित १५ जना युवा तथा महिलाले सामूहिक रुपमा व्यावसायिक बाँसको सामग्री उत्पादनको तयारी गरेका छन् । त्यसका लागि उनीहरुले रम्तेल श्रमिक सहकारी संस्था स्थापनाको तयारीसमेत थालेका छन् । गाउँघरमा प्रशस्त पाइने बाँसबाट सामग्री बनाएर आम्दानी गर्न सकिने उनीहरुको विश्वास छ ।

उनीहरुले मुढा, कुर्सी, टेबललगायत फर्निचरका सामग्री निर्माण तालिम लिएका हुन् । स्थानीय रूपमा पाइने वस्तुबाट विभिन्न सामग्री बनाउँदा एकातिर आत्मनिर्भर हुने र अर्कातिर परम्परागत सीपको पनि संरक्षण हुने भन्दै यस्तो कार्यलाई आफूहरुले प्रोत्साहन गरेको अध्यक्ष विष्टले बताए ।

### साढे २ वर्षपछि...

'विमानस्थललाई लक्षित गरेर निजी क्षेत्रले रुपन्देहीमा पाँचतारेसहित ठूला होटल र पर्यटन क्षेत्रमा करिब ८० अर्ब लगानी गरेको थियो, तर साढे २ वर्षसम्म अन्तर्राष्ट्रिय उडान नहुँदा व्यवसायी धराशायी हुने अवस्थामा पुगेका छन्,' श्रेष्ठले भने-'भैरहवाको विमानस्थललाई असफल बनाउन काठमाडौंका व्यवसायीले प्रभावशाली मिडियालाई समेत प्रयोग गरेर वातावरण बिगारे, अनि विमान कम्पनीहरु आएनन्, सरकारले यो नोक्सान र व्यवसायीका पीडा बुझेर अब यहाँबाट उडान सुरु गरेका विमान कम्पनीलाई निरन्तरता दिन र थप कम्पनीलाई ल्याउन जरुरी छ ।'

३२ वटा निजी संघ-संस्थाहरुको साझा संस्था सिद्धार्थ सञ्जाल रुपन्देहीले विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त संख्यामा गराउन सरकारसँग माग गर्दै एक वर्षसम्म चरणबद्ध सडक आन्दोलन नै गरेको हुँदा सरकारले अन्तर्राष्ट्रिय एयरलाइन्स आकर्षित गरेको सञ्जालका अध्यक्ष अनिल ज्ञवालीले बताए ।

'निजी क्षेत्रको आन्दोलनको दबाबले पनि अहिलेसम्म चारवटा विमान कम्पनीले उडान गर्ने भएका छन्, अब यसलाई निरन्तरता दिन सरकारले कुनै कसर बाँकी राख्न हुँदैन,' अध्यक्ष ज्ञवालीले भने-'विगत नदोहोरियोस् भन्ने रुपन्देहीका व्यवसायीको माग हो, दोहोरिएको खण्डमा थेग्ने अवस्था छैन, अर्बौं लगानी डुब्ने र व्यवसायीहरु संकटमा पर्ने निश्चित छ ।'

टुर एण्ड ट्राभल व्यवसायी सञ्जय वजिमयले विमान कम्पनीलाई आकर्षित गरेर मात्र विमानस्थल दीगोरुपमा नचल्ने औंल्याउँदै रुपन्देहीमा भिसा सेन्टर, मेडिकल, श्रम कार्यालय, नेपालीका लागि ई-भिसा र उडानको डाइरेक्ट कनेक्टिभिटी जस्ता अति आवश्यक सरकारी कार्यालय तत्काल सञ्चालनमा ल्याउनुपर्ने सरकारलाई सुझाए ।

सरकारले विमान अवतरण, गृह आश्रय, पार्किङ, सञ्चार तथा उड्डयन सहायता शुल्क र सुरक्षा शुल्कमा शतप्रतिशत छुट दिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्पका रूपमा सञ्चालन गरिएको यो विमानस्थलमा दैनिक ३० देखि ४० वटासम्म उडान गर्न सकिने क्षमता छ ।

### साढे ६ सय...

बुटवललगायतका बजारहरुमा बिक्री वितरण हुने तथा ठूला व्यवासीहरुबाटै सहकारीलाई भुक्तानीको समस्या भैरहने, सरकारी संस्थाको रुपमा रहेको दुग्ध विकास संस्थान (डीडीसी) जस्ता संस्थाबाट समयमा किसानले भुक्तानी नपाउने समस्याले सालझण्डी दुग्ध उत्पादक सहकारीमै आबद्ध ११ जना ठूला किसानले पशुपालन पेशा नै छाडेर विदेश पलायन भएको अध्यक्ष घिमिरेले जानकारी दिए ।

दूधको बजारीकरणमा चुनौती थपिए पनि रुपन्देहीमा नमूना मानिएको सालझण्डी दुग्ध सहकारीले किसानलाई प्रोत्साहन स्वरुप प्रतिलिटरमा ५ रुपैयाँ थप गरिदिँदै आएको थियो । तर पछिल्लो समय भुक्तानीकै असरले गर्दा प्रतिलिटरमा २ रुपैयाँ मात्रै थप रकम दिँदै आएको छ । सहकारीमा आबद्ध किसानहरुले मासिकरुपमा बैंक खातामै दूधबापतको रकम जम्मा हुन्छ भने विशेष अवस्थामा सहकारीको नियम बमोजिमको थप सुविधा किसानहरुले पाउने गरेको संस्थाकै सञ्चालक सुरेन्द्रप्रसाद रेग्मीले बताए ।

विगतका वर्षहरुमा प्रदेश सरकारबाट प्रोत्साहन स्वरुप प्रतिलिटर २ रुपैयाँ अनुदान र स्थानीय सरकारबाट ९० पैसा दिने गरेको भए पनि पछिल्लो समय दोहोरो अनुदान दिइएको भन्दै प्रदेश सरकारले प्रोत्साहन स्वरुपको २ रुपैयाँ दिन कटौती गरेको छ ।

प्रोत्साहन रकम बढाएर किसानलाई उत्प्रेरणा दिनुको साटो दिँदै आएको सुविधा समेत कटौटी गरेको भन्दै किसानहरुले उक्त रकमलाई अनुदान नभई प्रोत्साहन रकमको रुपमा दिन प्रदेश सरकारसँग माग गरेका छन् । दुग्ध उत्पादक किसानहरुले दूधको बजारीकरण र भुक्तानीमा सन्तुलन ल्याएर पशुपालन र दुग्ध व्यवसायलाई जोगाइ सहयोग पुराउन आग्रह गरेका छन् ।

**दिव्यज्योति माध्यमिक विद्यालय**
बर्दघाट-२ चिसापानी, नवलपरासी, फोन नं: ०७८-५८०२०७

**आवश्यकता**

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२५

उपर्युक्त सम्बन्धमा यस दिव्यज्योति माध्यमिक विद्यालय, बर्दघाट-२, चिसापानी, नवलपरासीको वि.व्य.स. को मिति २०८१/०७/२४ निर्णय अनुसार तपशिल बमोजिमका शिक्षक तथा कर्मचारीहरुको पदपुर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसारको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**विज्ञापन नं.**०१/०८१/०८२ **पदः** शिक्षक (आधारभुत तह १-८) **संख्या** :१ (एक)
**विषय** : विज्ञान/गणित **तलब** :वि.व्य.स. को निर्णयअनुसार
**योग्यताः** सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह **उमेर** :४० वर्ष ननाघेको
**परिक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक (आवश्यक परेमा )
**परीक्षा दस्तुर** :रु. ७००/- (बैंक भौचर संलग्न गर्नुपर्ने) **दरखास्त बुझाउने अन्तिम मिति** : २०८१/०८/ ०९
**सम्पर्क मिति** : २०८१/०८/ १० गते **परीक्षा मितिः** सम्पर्क मिति मा तोकिने छ ।
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमती पत्र, निरोगिताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हस्तलिखित निवेदन साथ संलग्न गर्नुपर्ने छ ।
**बैंक खाता नं.**: रा. बा. बैंक, बर्दघाट शाखा ३३३०१००००००३६००१

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**मकै भण्डारः**
बागलुङको निसीखोला गाउँपालिका-६ फुल्काधारमा स्थानीयले घरमा झुन्डाएको मकै । यसरी झुन्डाएको मकैको आटो र पिठो स्वादिष्ट हुने मान्यता छ । तस्विर : डम्मर बुढामगर/ रासस

# आस्था समूहको १५औं साधारणसभा




बुटवल । लागुऔषध र एचआइभी एड्सको क्षति न्यूनीकरणका क्षेत्रमा काम गर्दै आइरहेको आस्था समूह रुपन्देहीको १५औं वार्षिक साधारणसभाले विभिन्न निर्णयहरु गरेको छ ।

साधारणसभाले लागुऔषधसम्बन्धी राष्ट्रिय नीति परिवर्तनका लागि पैरवी कार्यक्रम गर्ने, लागुऔषध प्रयोगकर्ताको उपचार तथा पुनर्स्थापनाका लागि भवन निर्माण, एचआइभी एड्सको क्षति न्यूनीकरणका लागि सामुदायिकसहित विभिन्न कार्यक्रम, अन्तर्राष्ट्रिय दिवस तथा उत्सव आयोजना, अवलोकनलगायतका कार्यक्रमहरु गर्ने निर्णय गरेको छ ।

साधारणसभामा अध्यक्ष केशव पुन, सचिव सुजन पुन र कोषाध्यक्ष दिनेशरत्न तुलाधरले पेश गरेका प्रतिवेदनहरु सर्वसम्मतरुपमा पारित भएको संस्थाका कार्यसमिति सदस्य भुवन श्रेष्ठले जानकारी दिए ।

साधारणसभामा सेभ द चिल्ड्रेनका सिनियर प्रोगाम कोअर्डिनेटर सुवास श्रेष्ठ, एएचएफ नेपालका धर्मराज भट्टराई, लुम्बिनी प्रादेशिक अस्पतालका भीम ज्ञवाली, बुटवल वडा नं. ३ का वडा सदस्य अमृत खड्कालगायतले बोल्दै आस्था समूहले लागुऔषध र एचआइभी एड्सको क्षति न्यूनीकरणका क्षेत्रमा सराहनीय काम गरेको चर्चा गर्दै संस्थालाई थप क्रियाशील बनाउन सरोकारवाला निकायको साथ र रचनात्मक सुझाव आवश्यक रहेको धारणा राखेका थिए ।

# नयाँ सहकारी ऐनको बाधक ओली : चित्रबहादुर




बुटवल । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सरकारले सहकारी ठगहरुलाई संरक्षण गरेको बताएका छन् । कानुनी प्रक्रिया मिलाएर सहकारीमा ठगी गरिएको अध्यक्ष केसीको दाबी छ ।

शनिबार बुटवलमा सम्पन्न राष्ट्रिय सहकारी अभियानको दोस्रो राष्ट्रिय भेलामा बोल्दै केसीले सरकार र सत्तामा बस्नेहरुको आडमा नै सहकारीको पैसा अपचलन भएको बताए । उनले लुटेरा, बदमास र तस्करहरुले राज्य सत्ताको आडमा मनोमानी गर्दा पनि कारबाही हुन नसक्नु नेपाल र नेपालीको लागि दुर्भाग्य भएको जनाए । राम्रोसँग खोजी गरे एमाले, कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टीमा अझैं सहकारी अपचलन गर्नेहरु भेटिने बताउँदै सहकारी अपचलन गर्ने जो सुकैलाई पनि हदैसम्मको कारबाही गरी पीडित पक्षलाई न्याय दिनुपर्ने उनले बताए ।

एमाले, माओवादी, कांग्रेसको राजनीति भनेको कमाउने राजनीति भएकाले उनीहरु जनताबाट नांगिदै गएको उनले जनाए । नयाँ बनेर आएका विदेशी एजेण्टहरुले ठग्नमा पुराना एमाले र कांग्रेसलाई जितेको उनले बताए । उनले आफू उप-प्रधान तथा सहकारी मन्त्री हुँदा काठमाडौंका ठूलाठूला सहकारी ठगहरुले सहकारीका साधारण सभा उद्घाटनका लागि निम्ता दिन आएको स्मरण गर्दै सहकारी ठग्ने मान्छेहरुलाई राज्य सत्तामा बस्ने मान्छेहरुले संरक्षण गर्ने गरेको बताए ।

सहकारी मन्त्रलायमा सहकारी दर्ता गर्दा नै पैसा खाने गरेको आफूले भेटाएको बताउँदै गलत मान्छेलाई कारबाहीका लागि २०४८ को सहकारी ऐन परिवर्तन गरेर नयाँ ऐन ल्याउने बेला तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली बाधक बनेको अध्यक्ष केसीले खुलसा गरे ।

एमाले, कांग्रेस र माओवादीको गलत नीति र गलत व्यवहारका कारण राजनीतिप्रति जनताको वितिष्णा पैदा भएको बताउँदै ठूला भन्ने दलहरुले राजनीतिलाई कमाइ खाने भाँडो बनाएको आरोप उनले लगाए । 'संघीयताका कारण यो व्यवस्था भत्किन सक्ने र हिजो गणतन्त्र ल्याउन लडेकाहरुबाटै लोकतन्त्र, गणतन्त्र धरापमा परेको छ ।'-उनले भने ।

सहकारीको माध्यमबाट समाजवादमा जान सकिने बताउँदै राष्ट्रिय पुँजीको विकासका लागि सहकारी सही ढंगले सञ्चालन गर्नुपर्ने उनले बताए ।

राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले सहकारीको २ खर्बको पुँजी ठगी भएको र एक लाख बढी बचतकर्ताहरु सडकमा आएको बताउँदै सहकारीको पैसा विदेश लगेर व्यक्ति विशेषले मोजमस्ती गरेको बताए । उनले सहकारीको पुँजी उत्पादन क्षेत्र र राष्ट्रिय पुँजीसँग जोड्नु पर्ने बताउँदै दलाल पुँजी हावी हुँदा समस्या आएको तर्क गरे ।

कार्यक्रममा नेकपा मसाल रुपन्देही प्रवक्ता लालचन पन्त, राष्ट्रिय जनमोर्चाका नेता बद्रे आलम, अधिवक्ता चुरामणी भुसाल, अखिल नेपाल राष्ट्रिय उद्योग व्यपार संगगठनका अध्यक्ष ढुण्डीराज शर्मा, प्रगतिशील पत्रकार संघ नेपालका अध्यक्ष श्यामलाल पोखरेल, कम्युनिष्ट संग्रहालयका अध्यक्ष चेतनाथ आचार्य, अन्टुकका अध्यक्ष लोकराज भुसाल, रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष गिरीप्रसाद बुढा, वामपन्थी नेता दुर्गानाथ खरेल, हरि राहाडी, रुकबहादुर पराजुली, सहकारी अभियान्ता गंगालाल सापकोटा, दीलबहादुर नेपाली, वामपन्थी नेता भैरवराज रेग्मी र शुक्रराज भण्डारीलगायतले बोल्दै सहकारी अपचलन गर्नेहरुलाई कारवाहीगरीपीडित बचतकर्तालाई न्याय दिन सरकारसँग माग गरेका थिए ।

# उप-निर्वाचनमा केन्द्रित हुन निर्देशन



काठमाडौं । नेकपा एमालेले सिंगो पार्टी पंक्तिलाई मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनमा केन्द्रित हुन निर्देशन दिएको छ ।

शनिबार बसेको सचिवालय बैठकले सिफारिस भई आएको उम्मेदवारको नाम अनुमोदन गरेको एमाले उप-महासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।

'पार्टी पंक्तिलाई उपनिर्वाचनमा एमालेको विजयीका निम्ति सम्पूर्ण सामर्थ्यका साथ परिचालन हुन आह्वान गरेको छ ।'-उनले भने । बैठकले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको समीक्षा गरेको छ । पार्टी कार्यालयमा बसेको सचिवालय बैठकले सरकारले ठीक ढंगले काम गर्दै अघि बढिरहेको निष्कर्ष निकालेको उप-महासचिव ज्ञवालीले बताए ।

उनले भने-'दुई राजनीतिक दलहरुबिचको सम्बन्धलाई अझैं प्रगाढ बनाउन र कामलाई अझैं प्रभावकारी बनाउन संयन्त्र बनेको छ । विश्वासको वातावरण सुदृढ बनाउँदै लानुपर्छ भन्ने पनि जोड दिएका छौं ।'

उनले प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमण राष्ट्रिय हितमा केन्द्रित गर्नेबारे पनि छलफल भएको बताए ।

विश्व राजनीतिक घटनाक्रमलाई मूल्यांकन गरेर दुवै छिमेकी देशसँग सन्तुलित सम्बन्ध कायम गर्दै अघि बढ्नुपर्नेमा पार्टीको जोड रहेको उप-महासचिव ज्ञवालीले बताए ।

# दोस्रो चरणको सशक्त आन्दोलन गर्ने रास्वपा केन्द्रीय समितिको निर्णय




काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आम नागरिक र राष्ट्रिय हितका शक्तिहरूको सहकार्यमा दोस्रो चरणको सशक्त आन्दोलन गर्ने निर्णय गरेको छ ।

शनिबार पार्टी कार्यालयमा बसेको केन्द्रीय समितिको बैठकले राष्ट्रिय राजनीतिका मूल मुद्दाहरूमा केन्द्रित रहेर आम नागरिक र राष्ट्रिय शक्तिहरूको सहकार्यमा दोस्रो चरणको आन्दोलन गर्ने निर्णय गरेको कार्यबाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।

'मुलुकमा व्याप्त संगठित महाभ्रष्टाचार र कुशासनविरुद्ध, सहकारी पीडित, लघुवित्त एवं मिटर ब्याज पीडितका समस्या समाधान, प्रवासमा रहेका नेपाली युवाहरूको मुलुक निर्माणमा सहभागिता र प्रवासका समस्या समाधान एवं संविधान संशोधनसँग सरोकार राख्ने राष्ट्रिय राजनीतिका मूल मुद्दाहरूमा केन्द्रित रही आम नागरिकहरू र राष्ट्रियहितका शक्तिहरूको सहकार्यमा अब दोस्रो चरणको सशक्त आन्दोलन ।'-केन्द्रीय समिति बैठकबारे जानकारी दिँदै बुर्लाकोटीले भनेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com